# अन्नपूर्ण पोस्ट

annapurnapost.com

वर्ष २३, अंक ३०१ पृष्ठ ८ | काठमाडौं, बिहीबार २२ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४५ | THURSDAY, MARCH 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# स्थानीय तहमा जान किन आजित छन् कार्यकारीहरू ?


## २२० स्थानीय तह निमित्तका भरमा

कर्मचारी स्थायी सरकार हो । तर, स्थानीय तहमा राजनीतिक नेतृत्व र कर्मचारीबीच 'निकै द्वन्द्व' बढेको देखिन्छ । त्यसैकारण पनि एकतिहाइ बढी स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । स्वार्थको द्वन्द्वकै कारण बल्ल-बल्ल स्थानीय तहमा पुग्ने प्रमुख अधिकृत पनि दुई/तीन महिनामै सरुवा हुने गरेका छन् । राजनीतिक नेतृत्व र कर्मचारीबीचको यो द्वन्द्वले स्थानीय तहका कार्यसम्पादन, जनताका सेवासुविधा र विकास निर्माणका काममा प्रत्यक्ष असर पुऱ्याइरहेका छन् ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




# आप्रवासीप्रति अझै कडा हुने ट्रम्पको घोषणा



**सुरज भण्डारी** | *अमेरिका*

अमेरिकाका राष्ट्रपति डोनाल्ड जे ट्रम्पले द युनाइटेड स्टेट्स कंग्रेसमा मंगलबार सम्बोधन गरेका छन्। राष्ट्रपतिमा आफ्नो दोस्रो कार्यकाल सुरु भएपछिको ४४औं दिनमा पहिलो पटक द यूएस हाउस अफ रिप्रिजेन्टेटिभ्स र द यूएस सिनेटको संयुक्त बैठकलाई राष्ट्रपति ट्रम्पले सम्बोधन गरेका हुन्।

त्यस क्रममा राष्ट्रपति ट्रम्पले आफूले गरेका कार्यकारी आदेशको आवश्यकता र आफू नेतृत्वको प्रशासनले गरेको कामको प्रशंसा गरे। झन्डै १ घण्टा ४० मिनेट सम्बोधन गरेका ट्रम्पले आफ्नो सम्बोधनको धेरै समय आफूभन्दा अघिका राष्ट्रपति जोसेफ आर बाइडेन र उनको प्रशासनले गलत नीति लिएको र त्यो समयमा अमेरिका खराब स्थितिबाट गुज्रिएको आरोप लगाए।

आफू आइसकेपछि अमेरिका सही लयमा फर्किएको दाबी सहितको धारणा राखे। उनले कार्यकारी आदेशमार्फत आवश्यकतामा मागहरू पूरा गरिएको बताउँदै यस्ता कार्यकारी आदेशहरू आइरहने बताए। उनले मंगलबार सम्बोधनको क्रममा पनि कार्यकारी आदेशमा हस्ताक्षर गरे।

राष्ट्रपति ट्रम्पको सम्बोधनको क्रममा अमेरिका भित्रको वस्तुस्थितिलाई बढी जोड दिइएको थियो। उनले अवैध आप्रवासीलाई नियन्त्रण गर्न चालिएका कदम प्रभावकारी भएको र आगामी दिनमा अवैध आप्रवासीप्रति अझ कडाइ गरिने दोहोऱ्याए।

गोल्डन भिसा कार्यक्रममार्फत रोजगारी सिर्जना गर्ने र अमेरिकालाई कर तिर्नेहरूलाई अमेरिका भित्राइने बताए। अमेरिका भित्र अब पुरुष र महिला मात्र हुने कुरामा जोड दिँदै उनले अमेरिकामा अंग्रेजीलाई राष्ट्रिय भाषा घोषणा, गल्फ अफ अमेरिका नामकरण, डेनाली हिल घोषणा, पानामा क्यानलमा अमेरिकी स्वामित्वको माग, क्यानडा,मेक्सिको र चिनवाट भित्रने सामानमा करको वृद्धि सबै अमेरिका पहिलो नीतिअन्तर्गत भएको बताए।

राष्ट्रपति ट्रम्पले वैदेशिक सहायता कटौती, कर्मचारी कटौती, स्वेच्छिक अवकाशको व्यवस्था जस्ता प्रावधान अमेरिकालाई बलियो बनाउने नीतिका रूपमा रहेको दाबी गरे।

बाँकी पृष्ठ ६

किन ?

# ५ अध्यादेश स्वीकृत, भूमि अध्यादेश 'होल्ड'

**राधा खनाल** | *काठमाडौं*

प्रतिनिधिसभाले ५ वटा विभिन्न अध्यादेश स्वीकृत गरेको छ। सरकारले जारी गरेका ५ अध्यादेश बुधबार प्रतिनिधिसभामा निर्णयार्थ पेस भएका थिए। पाँचवटै बहुमतले स्वीकृत भएका थिए। यद्यपि, भूमिसम्बन्धी अध्यादेश भने पेस गरिएन। भूमि अध्यादेशका विषयमा सत्तापक्षीय जसपाले सहमति नजनाएपछि उक्त अध्यादेश 'होल्ड' गरिएको हो।

प्रतिनिधिसभामा कांग्रेस र एमालेको बहुमत भए पनि राष्ट्रियसभाबाट अध्यादेश स्वीकृत हुन जसपा नेपालको पनि समर्थन चाहिन्छ। भूमिसम्बन्धी अध्यादेशमा सहमतिका लागि पहल भइरहेकाले यसका लागि केही दिन पर्खिइने सत्तासीन दलका नेताहरूले बताएका छन। प्रतिनिधिसभाबाट स्वीकृत भएका अध्यादेश राष्ट्रिय सभाबाट समेत अनुमोदन भएपछि सरकारलाई प्रतिस्थापन विधेयक ल्याउने बाटो खुल्नेछ।

सरकारले पुस १४ गते सहकारीसम्बन्धी अध्यादेश जारी गरेको थियो। यस्तै, पुस २९ मा थप ४ वटा अध्यादेश जारी भएका थिए। ती सबै प्रतिनिधिसभाबाट स्वीकृत भए।

प्रतिनिधिसभाबाट 'सुशासन प्रबर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१' स्वीकृत भएको छ। प्रधानमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए।

बाँकी पृष्ठ ६

# कुलमानलाई स्पष्टीकरण सोध्ने मन्त्रिपरिषद्को निर्णय

**काठमाडौं** (अन्नपूर्ण) : मन्त्रिपरिषद्ले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई तीन दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। बुधबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

'क्याबिनेटले तीन दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ,' ती मन्त्रीले भने, 'तपाईलाई पदबाट किन नहटाउने भनेर घिसिङलाई स्पष्टीकरण सोधिनेछ।' यसअघि ऊर्जा मन्त्रालयले घिसिङलाई स्पष्टीकरण सोधेको थियो।

ऊर्जामन्त्री दीपक खडकासँग द्वन्द्व बढेपछि मन्त्रालयले पटक-पटक घिसिङलाई स्पष्टीकरण सोधेको थियो। मन्त्रालयले उनको कार्यसम्पादनमा शून्य अंक दिएको थियो। कार्यसम्पादन सम्झौताअनुसार भदौ महिनाभित्र मन्त्रालयको समितिमार्फत घिसिङले कार्यसम्पादन मूल्यांकन गराइसक्नुपर्ने थियो। तर, उनले आवश्यक विवरण नै बुझाएनन। तेस्रो वर्ष कार्यसम्पादन मूल्यांकनमा ५० प्रतिशतभन्दा कम अंक ल्याएको अवस्थामा कार्यकारी निर्देशक पदबाट हटाउन सक्ने व्यवस्था उनीसँगको सम्झौतामा उल्लेख छ।



सम्झौताअनुसार विवरण नै नबुझाएका कारण भदौभित्र कार्यसम्पादन मूल्यांकन हुन नसकेकाले उनलाई पदबाट किन नहटाउने भन्दै मन्त्रालयले स्पष्टीकरण सोधेको थियो।

उनले मन्त्रालयले स्पष्टीकरण सोधेको चार दिनपछि कार्यसम्पादन विवरण बुझाएका थिए। त्यो विवरणमा आफूले गरेका कामलाई आफैंले मूल्यांकन गरी ९८.९९ अंक पाएको दाबी पनि गरेका थिए। मन्त्री खड्कासँग असन्तुष्ट घिसिङले आफूलाई मन्त्रालयले स्पष्टीकरण सोध्न नसक्ने तर्क गर्दै आएका थिए। त्यसैकारण मन्त्रिपरिषद्बाटै स्पष्टीकरण सोध्ने निर्णय भएको एक मन्त्रीले जानकारी दिए।

# दुबईबाट २ हजार ५ सय नेपाली 'डिपोर्ट'

## अधिकांश रक्सी सेवन र झैझगडामा संलग्न

**मेघराज सापकोटा** | *दुबई*

दुई वर्षअघि हेल्परको काममा दुबई आएका मोरङ सुकुनाका वीरबहादुर परिवारसँग एकाएक सम्पर्कविहीन भए। वीरबहादुर दुबईको अलकोज क्याम्पमा बस्दथे। कोठाबाट साँझपख साथीहरूसँग निस्किएका उनी कोठा फर्केनन्।

अबुधाबीको मुसाफा क्षेत्रमा बस्ने कवितालाई स्थानीय प्रहरीले लिएर गयो। केही दिनसम्म उनी पनि सम्पर्कविहीन भइन्। गोर्खा घर भएकी कविताका श्रीमान्ले कविताको खोजीमा धेरै दिन मानसिक तनाब झेल्नुपऱ्यो। रौतहटका सुमन दुबईकै सुनापुर क्याम्पमा बस्दथे। उनी पनि एकाएक सम्पर्कविहीन भए।

रूपन्देहीका डम्बरबहादुरले दुबईमा भएको आफ्नो छोरा किरण सम्पर्कविहीन भएको भन्दै खोजी गरिदिन नेपाली संघसंस्थालाई गुहारे। खोजबिनपछि पत्ता लाग्यो, बेपत्ता भनिएकाहरू त यूएईका विभिन्न जेलमा पुर्पक्षमा राखिएका रहेछन्। उनीहरूमध्ये




**वैदेशिक रोजगारीमा जाँदै गरेका नेपालीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा।** ● फाइल फोटो

केही अनुसन्धानको क्रममा थिए भने केही नेपाल फर्काउनका लागि डिपोर्टेसन सेन्टरमा सारिँदै थिए। उनिहरू पक्राउ पर्नुपर्ने कारण रक्सीसेवन, झैझगडा, लागुऔसध सेवन र लागुऔषधको कारोबारमा संलग्न रहेको आरोप थियो।

स्याङ्जाका मणिराम त दुई महिनासम्म जेल बसेर डिपोर्ट भए। उनले स्थानीय प्रशासनको अनुमति नलिइकन नेपाली र अन्य कामदार बस्ने क्याम्पको बाहिर बाटोमा साँझपख खानेकुरा (स्ट्रिट फुड) बेचिरहेका थिए। दुबईकै डीआईपी क्षेत्रमा बस्ने सुवासलाई एकजना मिल्ने साथीले रम्बलघारी (बालुवाघारी) तिर घुम्न लिएर गइन्। कहिल्यै रक्सी सेवन नगर्ने सुवास उक्त ठाउँमा के पुगेका थिए, पक्राउ परिहाले। केही समय सम्पर्कविहीन बने पछि उनी पनि कहिल्यै यूएई आउन नपाउने गरी नेपाल फर्किए, अर्थात् डिपोर्ट भए। उनलाई जान्नेहरू सुवास भने कसरी परिबन्धमा परे भनेर आश्चर्य मानिरहेका छन्।

यसरी पक्राउ पर्ने र बेपत्ता हुनेका परिवारका सदस्यहरू आफ्नो मान्छे खोजिदिन यहाँका संघसंस्थालाई गुहार्छन्। संघसंस्थाले नेपाली दूतावास र अन्य विभिन्न निकायहरूमा धाएर सम्पर्कविहीन भएकाहरूलाई सम्पर्कमा ल्याउने र सहयोग गर्ने गर्दछन्। कानुनी प्रक्रिया पूरा गर्नुपर्ने भएकोले आफन्तले चाहेको जस्तो छिटो परिणाम नआउने भएकोले कतिपय आफन्तहरू सहयोग नपाएको भनेर संघसंस्थाका प्रतिनिधिहरूसँग गुनासो गरिरहन्छन्।

रूपन्देहीका डम्बरबहादुरलाई आफ्नो छोरा रक्सी सेवन गरेर पक्राउ परेको भन्नेमा विश्वास नै छैन। उनको केसलाई नजिकबाट नियालिरहेका यूएईका एक समाजसेवीले छोरा पक्राउ पर्नु पर्ने कारण बताउँदा पनि उनी छोराले कहिल्यै रक्सी सेवन नगर्ने भन्दै प्रतिवाद गरिरहे। डम्बरबहादुरलाई परदेशको ठाउँमा छोरालाई कसैले फसायो होला भन्ने लाग्छ। यद्यपि एउटै कोठामा बस्ने अन्य नेपालीहरू भने किरणले अत्यधिक रक्सी सेवनले गर्ने गरेको र मध्यरातमा बेहोसी अवस्थामै क्याम्प बाहिर गएको बताए।

बाँकी पृष्ठ ६